# घरपझोङ गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०८० प्रतिवेदन

**सहजीकरण**
**सहमत मिडिया प्रालि**

## घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम-मुस्ताङ ।

## २०८० फागुन २९ गते

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074

## विषय सूची

१. विषय प्रवेश ......................................
२. सार्वजनिक सुनुवाईको उद्देश्य ......................
३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी ...........................
४. सार्वजनिक सुनुवाई कार्यक्रम ................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................... .........
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ ............
७. निष्कर्ष .......................................
८. अनुसूचिहरु .......................................
अनुसूची १ : सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चारमाध्यममा प्रसारित सूचना ...
अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता ..
अनुसूची ३ : नागरिक प्रतिबेदन र बहिर्गमन अभिमत ................
अनुसूची ४ : सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका ..........
अनुसूची ५ : पालिकाका सेवा प्रवाह र विकास निर्माणको अवस्था........
अनुसूची ६ : सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीरहरु ........
अनुसूची ७ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ .......
अनुसूची ८ : सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति ..........

SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd:2074

## १. पृष्ठभुमी

नेपालको संविधानमा व्यवस्था भए अनुसार तीन तहका सरकारहरु गठन भई विभिन्न विकासमुलक तथा सेवामुलक कार्यहरु हुँदै आएका छन् । स्थानीय सरकारले जनताको नजिकको सरकारको रुपमा आफुलाई स्थापित गर्दै जनताको घरदैलो सम्म पुगी उनीहरुको मर्म अनुसार योजना निर्माण गरी कार्यान्वयन गरिरहेको देखिन्छ । साथै स्थानीय सरकारले आफ्नो वार्षिक नीति तथा योजना र बजेटमा जवाफदेही, पारदर्शी र उत्तरदायी सरकार स्थापना गर्ने लक्ष्य राखी विभिन्न गतिविधीहरु समेत संचालनमा ल्याएको पाइन्छ । यसबाट स्थानीय सरकार प्रति जनताको अपनत्व बृद्दी हुन गइ कार्यक्रमहरु कार्यान्वयनमा प्रभावकारिता आउनुका साथै तोकिएको लक्ष्य प्राप्त गर्न समेत मद्दत पुग्दछ ।

केही स्थानीय सरकारले दीर्घकालीन लक्ष र पालिका गौरवका योजनाहरु छनोट गरी कार्यान्वयन र प्रभावकारिता अनुगमन तथा व्यवस्थापन पनि गरेको छ । यसका लागि प्रदेश र संघ सरकारसँग हातेमालो गर्दै समावेशी विकासमा ध्यान दिएका छ । यसबाट समग्र पालिकाको विकास नतिजामा सुधार हुनुका साथै सेवा प्रवाह समेत द्रुत हुनेमा विश्वस्त हुन सकिन्छ । लोकतन्त्रका हरेक पहरेदारले शिक्षा, स्वास्थ्य र रोजगारीसहित नागरिकका आधारभूत अधिकार र सार्वजनिक सेवा प्रवाहमा राज्य संयन्त्रलाई खबरदारी गर्नुपर्छ । नागरिकहरुको विवेकपूर्ण हस्तक्षेपले सार्वजनिक निकायहरु जवाफदेही हुन्छन् । संघीय शासन प्रणाली अन्तर्गत आम नागरिकको स्थानीय सरकारको क्षेत्राधिकार भित्र प्रत्यक्ष सरोकार रहने तथा सरोकारका व्यक्ति र निकायको अर्थपूर्ण एवम् रचनात्मक सहभागीताका लागि सार्वजनिक सुनुवाई कार्यक्रम अपरिहार्य र अनिवार्य छ ।

स्थानीय सरकारको कानून, नीति, कार्यक्रम, निर्णय र सेवा प्रवाह सम्बन्धि सूचनाहरु अद्यावधिक गर्नुका साथै सरोकारवाला सामु पुऱ्याउनु पर्ने दायित्व छ । नागरिक सहभागीता र सेवाप्रदायकको जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको परिकल्पना गरिएको छ । अतः यस्ता कार्यक्रमले पालिका सरकारका कार्यक्रमहरुबारे जनतालाई जस्ताका त्यस्तै जानकारी गराइ तथा जनताका समस्या तथा गुनासाहरुबारे प्रत्यक्ष सम्बोधन गर्न सकिने अवस्था बन्दछ । यसबाट संविधानले परिकल्पना गरेको सहकारिता, सहकार्य र समन्वयमा विकास निर्माण गर्न सहयोग पुग्नेछ ।

लामो समयपछि नेपालका स्थानीय तह परिमार्जन सहित जनप्रतिनिधीको हातमा पुगेको छ । स्थानीय सरकारले पहिलो कार्यकाल व्यतित गरेर दोश्रो कार्यकालको दोस्रो वर्ष पार गर्ने अवस्थामा पुगिसकेका छन् । राज्यको संरचना मार्फत राज्यशक्तिको बाँडफाँट जनतामा विकेन्द्रित भएको छ । जनताका घर आँगनमा सरकार पुगेको छ । तर घर आँगनका सरकार जनताप्रति उत्तरदायी छन् कि छैनन् भन्ने कुराको जाँच स्वयं नागरिकले गर्नुपर्छ । देशका सार्वजनिक प्रशासनहरु जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । विकेन्द्रिकरणको मर्म जनसहभागितामा आधारित निर्णय प्रक्रियाको अभ्यास गर्दै तय गरिएका योजनाहरुको प्रतिफलमा कुनै शंका हुँदैन । आम जनताको चाहनालाई योजनामा केन्द्रित गर्ने कुरा सामान्य छैन । तर अझैपनि प्राथमिकताले नभई पहुँचले अवसर पाउने परम्परा जिवित छ ।

तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तव्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । आफ्ना कामबारे जनताले जाँच्छन् । उनीहरुको प्रतिक्रिया सुन्न र गल्ती नदोहोऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी पनि छन् । पालिकाबाट गरिएका विकास निर्माण कार्यक्रम, उपलब्ध सेवाका सम्बन्धमा सार्वजनिक गरि सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी जिम्मेवार सरकार बनाउन सार्वजनिक सुनुवाईको परिकल्पना गरिएको हो । हरेक स्थानीय तहको संस्थागत क्षमता स्वः मुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाइएको छ । यसको अभ्यास मुस्ताङको घरपझोङफागुन २९ गते गाउँपालिकाले निरन्तर गर्दै आएको छ । गाउँपालिकाको आयोजनामा २०८० फागुन २९ गते मंगलबार वडा नम्बर ४ स्थित गाउँपालिकाको बहुउद्देश्यीय सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd:2074

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- गत आव र चालू आवको प्रथम ६ महिनामा सन्चालन भएका कार्यक्रम तथा योजनाको स्थितिबारे समिक्षा गरी मुल्यांकन, सुझाव र पृष्ठपोषण प्रदान गरिने,
- जनप्रतिनिधि तथा कर्मचारीले गरेको समग्र शाखागत मुल्यांकन तथा समिक्षा गरिने
- संवैधानिक व्यवस्था तथा सूचनाको हकको कार्यान्वयन गराईने,
- कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरीको विषयमा सुनुवाई गर्ने
- गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण पदाधिकारीको जवाफदेहीता र पारदर्शीता प्रबर्द्धन गरिने,
- गाउँपालिकाबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गराउने
- विगतमा गरिएका कमजोरीको समीक्षा गर्न र आगामी दिनमा त्यसबाट पाठ सिक्दै सुधारको खोजी गर्ने
- सेवाग्राही नागरिकको सचेतना जागृत गराउन तथा जनप्रतिनिधि र कर्मचारीलाई सेवाग्राहीप्रति अधिनस्थ बनाउने
- समग्र पालिकाको आर्थिक सुधार र समृद्धीमा टेवा पुऱ्याउने
- जनमैत्री सेवा विस्तार गर्न र नागरिकको सेवाप्रतिको सन्तुष्टी जाँच्ने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

(क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो । सार्वजनिक सुनुवाई कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्नको लागि घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचन, उपाध्यक्ष जमुना थापा मगर र प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारी सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो । त्यसअघि कार्यक्रमबारे कार्यपालिका बैठकले नै निर्णय गरिसकेको थियो । सोही निर्णय अनुसार कार्यक्रमको तयारी थालिएको हो ।

(ख) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरिएको थियो । साथै वडा, टोल र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । कार्यक्रममा सहभागिताका लागि कटुवाल मार्फत सूचना प्रशारण पनि गरिएको थियो । ***(प्रवाह भएको सूचनाको नमूना अनुसूची १ मा रहेको छ ।)***

ग) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
***(आचार संहिताको नमूना अनुसूची २ मा रहेको छ ।)***

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०८० फागुन २९ गते विहान साढे ११ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम ४ घण्टा भन्दा बढी सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । पालिका अध्यक्ष मोहनसिंह लालचनको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष जमुना थापा मगरले स्वागत र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारीले अर्धवार्षिक विकास निर्माण र सेवा प्रवाहबारे जानकारी गराउनुभयो । प्रमुख जवाफदेहीका रुपमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँगै वडाध्यक्षहरु, जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुखहरु, विभिन्न शाखाका प्रमुखहरु, एक्यापका प्रतिनिधि, अन्य जनप्रतिनिधिहरु, उपभोक्ता समिति र टोल विकास संस्थाका प्रमुख प्रतिनिधिहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा सहजीकरण गर्नुभयो । जिल्ला सदरमुकाममा रहेको पालिका भएकोले अन्य सरकारी कार्यालयसँग समेत जोडिने प्रश्न र जिज्ञासा आउन सक्ने हुनाले कार्यक्रममा अन्य सरकारी कार्यालयका प्रमुखहरुलाई पनि आमन्त्रण गरिएको हो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सबैले पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराउनुभयो । कार्यक्रममा पालिकाका विभिन्न

SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchaur, Kaski
Estd:2074

वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किँदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहमत मिडियाका प्रतिनिधिले सार्वजनिक गर्नुभयो । त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो ।
***(सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका अनुसूची ४ मा रहेको छ ।)***

## ५. सार्वजनिक सुनुवाईका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचन, उपाध्यक्ष जमुना थापा मगर, प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारीसँगै, वडाध्यक्षहरु लगायत जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, एक्यापका प्रतिनिधि, अन्य सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, समूह वा सन्जाल, क्लवका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु लगायतको उपस्थिति थियो । ***(सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरुको विवरण अनुसूची ५ मा रहेको छ ।)***

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक सुनुवाई कार्यक्रमको खुल्ला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष मोहनसिंह लालचन, उपाध्यक्ष जमुना थापामगर, प्रमुख प्रशासकीय अधिकृत वेदहरी अधिकारी, शाखा प्रमुखहरु, एक्यापका प्रतिनिधि, जिल्लाका सरकारी कार्यालयका प्रमुखहरु, राजनीतिक दलका प्रमुखहरु, वडाध्यक्षहरुले जवाफ दिनुभयो ।
***(खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ६ मा रहेको छ ।)***

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न भयो । व्यक्तिगत रिसिइवी साँध्ने किसिमले कसैबाट पनि आरोप, प्रत्यारोप र लाञ्छना लगाउने कार्य भएन । कार्यक्रममा व्यापक उपस्थिति भएपनि सहभागीहरुले प्रश्न चाहिँ धेरै राख्नुभएन । कार्यक्रम अवधि भर सबैबाट शिष्ट र सभ्य भाषाको प्रयोग भयो । त्यसैगरी गाउँपालिका र वडाको तर्फबाट पनि आवश्यक जानकारी प्रश्तुत गरिनुका साथै सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा वडा र टोल तहबाट धेरै प्रश्न तथा गुनासोहरु एवं सुझावहरु आएका छन् । त्यसैगरी कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाई गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने विश्वास लिएका छौं ।

एक कार्यकाल सकेर अर्को कार्यकालको मध्यावधीको अवस्था जनप्रतिनिधिले व्यतित गरिसक्दा पनि प्रणालीगत सुधार र नयाँपन आउन नसक्दा आम नागरिकहरुमा आक्रोश बढी छ । यद्यपी जनसेवा भने पहिले भन्दा बढेको छ । जिल्ला सदरमुकाम पुग्नुपर्ने काम पालिकाबाट सम्पादन हुँदा संघीयताप्रति जनताको विश्वास बढ्दै गएको अनुभुती भएको छ । यसमा पनि थप सुधारहरु आवश्यक छन् । आगामी दिनमा ति सुधार हुने विश्वास लिएका छौं । साथै, गरिएका प्रतिबद्धता कार्यान्वयन हुने र प्रश्नहरु आगामी दिनमा नदोहोरिने आसा गरेका छौं । समग्रमा कार्यक्रम निकै फलदायी रुपमा सम्पन्न भएको छ । खासगरी आर्थिक वर्षको आधाआधीसम्म पनि कार्य प्रगती उल्लेख्य नहुने समस्या अहिले पनि सुल्झिएको छैन । आगामी दिनमा नयाँ आर्थिक वर्ष सुरु हुने वित्तिकै कार्यगत तीब्रता बढाउनुपर्ने अनिवार्य आवश्यक्ता छ । तवमात्रै नागरिकहरुले संघीयताको महशुस गर्न पाउने छन् ।

NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd:2074

८. अनुसूचीहरु

# अनुसूची १

***सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सार्वजनिक सञ्चार माध्यमबाट प्रसारित सूचना***

**घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धि अत्यन्तै जरुरी सुचना**

मुस्ताङको घरपझोङ गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माण कार्यहरु सार्वजनिक गरी ती विषयमा नागरिकहरुले उठाएका प्रश्नहरुको सुनवाई गर्दै रचनात्मक सुझाव ग्रहण गर्न यही मिति २०८० फागुन २९ गते मंगलबारका दिन वडा नम्बर ४ स्थित पालिकाको बहुउद्देश्यीय सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले कार्यक्रममा सहभागी भई आफ्ना प्रश्न, गुनासो तथा सुझाव व्यक्त गरिदिनुहुन गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**आयोजक**

**घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

**जोमसोम, मुस्ताङ ।**

# अनुसूची २

**सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

# अनुसूची ३

**बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन**

बहिर्गमन अभिमत **(Exit Poll)**

**घरपझोङ गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-४२ जना**

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ३४ प्रतिशत |
| आर्थिक सहयोग लिन | ४ प्रतिशत |
| योजनाको किस्ता लिन | ४२ प्रतिशत |
| योजनाको जाँचपास गराउन | ८ प्रतिशत |
| कृषि प्राविधिकलाई भेट्न | १४ प्रतिशत |
| कार्यालयले बोलाएर आएको | १२ प्रतिशत |
| अन्य कुनै भए | ६ प्रतिशत |

SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074

२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| ३२ प्रतिशत | ६४ प्रतिशत | ४ प्रतिशत |

३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्ने जस्तो लाग्यो ?

| अति धेरै | ठीकै | थोरै |
|---|---|---|
| ३८ प्रतिशत | ५२ प्रतिशत | १० प्रतिशत |

४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ४८ प्रतिशत | ५२ प्रतिशत | ० प्रतिशत |

५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे ?

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| २४ प्रतिशत | ६८ प्रतिशत | ८ प्रतिशत |

६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|
| ३८ प्रतिशत | ६० प्रतिशत | २ प्रतिशत |

७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| २८ प्रतिशत | ४८ प्रतिशत | २४ प्रतिशत |

## पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?

### राम्रा लागेका कुराहरु

१. पालिकाको प्रशासकीय भवन राम्रो र सुविधायुक्त बनेको छ ।

२. जनप्रतिनिधि र कर्मचारीहरु प्रायः पालिकामा भेटिन्छन् ।

३. फोहोर व्यवस्थापन राम्रो भएको छ । तर जलाउने काम बन्द गर्नुपर्‍यो ।

४. पालिका अध्यक्षले आफ्नो तलव भत्ताजति सामाजिक र विकास निर्माणका क्षेत्रमा खर्च गर्नुभएको सुन्दा राम्रो लाग्यो । अरुलाई पनि यसबाट प्रेरणा मिलोस् ।

### सुधार गर्नुपर्ने सुझावहरु

१. सदरमुकाम जोमसोममा व्यक्ति र सरकारी कार्यालयहरुबाट पानी चुहावट अत्यधिक बढ्यो । पर्यटक आउने सिजनमा पानी अभाव हुने अवस्था आयो । खानेपानी वितरणमा मिटर प्रणाली लागू होस् ।

२. पालिकामा पनि अनुदानका कार्यक्रम दुरुपयोग भएका छन् । पहिले पाइसकेका व्यक्तिहरुले दोहोर्‍याएर पाएका छन्, नपाउनेले अहिलेसम्म पाएकै छैनन् । अनुदान लिएकाको उत्पादन कति बढ्यो ? कसले कति अनुदान पाए ? त्यसको विवरण पालिकासँग छ कि छैन ? अनुदानमा अनुगमन गरिनुपर्‍यो ।

३. पालिकाभित्रका होटलहरुको स्तर निर्धारण कसले गर्ने हो ? उस्तै प्रकृतिका होटलमा मुल्य मनपरी छ । यसको अनुगमन गर्ने र समान सुविधा भएका होटलमा समान मुल्य निर्धारण गरियोस् ।

४. जोमसोममा निर्माणाधीन कभर्ड हल एयरपोर्ट र खोलाको मापदण्ड विपरित छ भन्ने सुनिन्छ । निर्माण सुरु हुँदा अध्ययन गरिएको हो कि होइन ? गरिएको हो भने मापदण्ड नै मिचेर किन निर्माण गरियो ? बनेपछि यो प्रयोगमा ल्याउन सकिन्छ ?

५. क्याम्पसमा नियमित पढाइ हुन सकेको छैन । शिक्षकहरु बाहिरबाट अनलाइन पढाउन थालेका छन् । जिल्लामा भएकापनि नियमित क्याम्पस जाँदैनन् । विद्यार्थीको भविष्य अन्योलमा पर्ने भयो । अहिले तेज निरला बचाउ अभियान फेसबुकमा पनि चलिरहेको छ, पालिकालाई जानकारी छ कि छैन ?

६. पालिका रिङरोडको काम अहिले रोकिएको छ । ठेकेदार भागेको भन्ने सुनिन्छ । कुरा के हो ? पालिकाले पहल लिनुपर्‍यो, ठेकेदारलाई बोलाएर समयमा काम सिध्याउने वातावरण बनाइदिनुपर्‍यो ।

७. प्राविधिकहरु साना काममा पनि दुख दिन्छन् । काम सकिएपछि भुक्तानी लिन झनै सकस छ । स्टिमेट अनुसार गरेको काममा रकम काटेर भुक्तानी दिन्छन् । ऋण खोजेर काम गर्नुपर्छ, भुक्तानी घटाउँदा त्यसको ऋण कसरी तिर्ने ? उपभोक्ता समितिलाई गाह्रो भयो ।

८. कृषिको कोल्ड स्टोर विना अध्ययन निर्माण भयो । करोडौं लगानी गरेर बनाइएको कोल्ड स्टोरमा उत्पादन राखिएको छैन । यसको उपभोग कसरी गर्ने योजना छ ? प्रयोग नै हुँदैन भने अनावश्यक रुपमा किन राखियो ?

९. मार्फाको साविक २ नम्बर वडामा खानेपानीको चरम अभाव छ । पटक पटक योजना माग्यौं, कसैले सुनेन । अरु टोलमा घरभित्रै धारा छ, हामीलाई पानी लिन २० मिनेट हिडेर जानुपर्छ ।

१०. घरपझोङ गाउँपालिकाको वडा नम्बर २ को कार्यालयमा स्थायी सचिव पद खाली हुँदा दैनिक कामकाजमा समस्या परेको छ । पशु प्राविधिकलाई वडा सचिवको जिम्मा दिँदा किसानले सेवा पाएनन् ।

SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd:2074

११. पालिकाका गाउँगाउँमा रहेको मुखिया प्रथालाई कानूनी मान्यता दिन पहल थालियोस् ।

१२. कृषिको लागि औषधी, विउविजन, प्रांगारिक मल सहित पालिकाले दिने अनुदान मंसिरभन्दा अगाडी दिने व्यवस्था मिलाउनुपर्‍यो । नत्र त्यसको प्रयोग हुन सकेन ।

१३. जोमसोमको एयरपोर्ट क्षेत्रमा गाडीहरुको गति घटाउन यातायात व्यवसायीसँग समन्वय गरिनुपर्‍यो । बजार र स्कुल क्षेत्र भएकोले दुर्घटनाको जोखिम बढेको छ । तत्कालै स्पिड ब्रेकर राख्ने व्यवस्था होस् ।

१४. अस्पतालहरुमा भौतिक संरचना राम्रो बनिरहेको छ । तर उपकरण र जनशक्ति अभाव छ । औषधी खोजेको बेला पाइँदैन । सम्बन्धित निकायको ध्यान पुगोस् ।

१५. ज्येष्ठ नागरिकलाई गाडीमा छुट दिने भन्ने सुनिएको थियो । तर मुस्ताङका गाडीले यस्तो छुट दिँदैनन् । पालिकाको ध्यानाकर्षण होस् ।

१६. भ्यू टावर जान करोडौं खर्च गरेर बाटो बनाउनुभन्दा उक्त रकम तत्कालका आवश्यक्तामा खर्च गर्नुपर्थ्यो । अहिले अन्यत्र पनि त्यस्तै भैरहेको छ । आवश्यक्ताका आधारमा बजेट खर्च गर्ने परिपाटीको विकास होस् ।

१७. प्राविधिकहरु विभिन्न वहाना निकालेर पैसा लिन खोज्छन् । चेक लैजानुस् भन्दा लिन मान्दैनन्, नगदै माग्छन् । पैसा नदिए काम हुँदैन, पैसा दिए कागजपत्र नपुगेपनि पास हुन्छ । प्राविधिकहरु धेरै पूराना भएका कारण पनि यस्तो समस्या भएको हुन सक्छ, बेला बेलामा फेरबदल गर्ने व्यवस्था गर्नुपर्‍यो ।

१८. पुथाङ एयरपोर्ट क्षेत्रबाट सबैभन्दा धेरै राजश्व उठाउँछ पालिकाले तर बजेट चाहिँ निकै कम मात्रै दिन्छ । किन यस्तो भयो ? जति कर उति बजेट अवधारणा लागू होस् ।

१९. सहरी क्षेत्रमा तत्कालै सार्वजनिक शौचालय र सडक बत्तीको व्यवस्था होस् ।

२०. छैरोमा सम्पन्न भैसकेको कामको भुक्तानी लिन ५ पटक धाएँ । कहिले कागज पुगेन भन्छन्, कहिले कर्मचारी छैन भन्छन् । दुख धेरै दियो । पढेलेखेको छैन, कागजपत्र मिलाउन कर्मचारीले पनि सघाइदिनुपर्‍यो ।

२१. पालिकामा डाँडाहरु खाली छन् । सुकुम्बासीले घर बनाउने जग्गा पाएका छैनन् । सुकुम्बासी भनेर निवेदन दिएको वर्षौं भैसक्यो, जग्गा दिने कहिले हो ?

२२. भत्ता पाउने तालिमहरु आफ्ना नजिकका मान्छे बोलाएर गर्छन्, भत्ता नआउने र टाढा जानुपर्ने तालिमका लागि चाहिँ फोन गर्छन् । एउटै व्यक्तिले पटकैपिच्छे तालिम लिएका छन् तर त्यसको परिणाम देखिएको छैन । आवश्यक्ताका आधारमा तालिम दिने व्यवस्था होस् ।

२३. पालिकाले योजना छनोट र बजेट विनियोजन गर्दा अधुरा योजनालाई पूर्णता दिने खालका कार्यक्रममा प्राथमिकता दिनुपर्‍यो । नयाँ योजना थपिएको थपियै छन्, पूराना योजना अलपत्र परेका छन् ।

२४. पालिकाले दिने सिफारिसहरु नेपाली र अंग्रेजी दुवैथरीको अनिवार्य गरिदिनुपर्‍यो, सिफारिसको शुल्क पनि महंगो भयो, घटाइयोस् ।

२५. पालिकाभित्र सार्वजनिक जग्गा व्यक्तिले भोगचलन गरिरहेका छन् । कि त्यस्ता जग्गालाई वैधानिक बनाइयोस् नभए सार्वजनिक जग्गा संरक्षणको अभियान चलाइयोस् ।

२६. सरकारले हिमाली क्षेत्रको शैक्षिक सत्र फेर्ने निर्णय गरेपछि त्यसको असर दीर्घकालसम्म पर्ने निश्चित छ । पालिकाको धारणा के हो ?

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**घरपझोङ गाउँपालिकाका विभिन्न वडामा पुगेर भरिएको प्रतिबेदन-सहभागि नागरिक ५० जना ।**

**१. तपाईँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ३८ प्रतिशत | ५८ प्रतिशत | ४ प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ५४ प्रतिशत | ४४ प्रतिशत | २ प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ६० प्रतिशत | १० प्रतिशत | ३० प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
|---|---|---|
| १२ प्रतिशत | ५६ प्रतिशत | ३२ प्रतिशत |

NEPAL
SAHAMAT MEDIA (P) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074

६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

| | | |
|---|---|---|
| छ | छैन | अलिअलि थाहा छ । |
| ४० प्रतिशत | ४२ प्रतिशत | १८ प्रतिशत |

७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?

| | | |
|---|---|---|
| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
| ५२ प्रतिशत | ४० प्रतिशत | ८ प्रतिशत |

८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

| | | |
|---|---|---|
| १ पटक | २ पटक | सो भन्दा बढी |
| १४ प्रतिशत | ५० प्रतिशत | ३६ प्रतिशत |

९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | नराम्रो |
| ८२ प्रतिशत | १८ प्रतिशत | ० प्रतिशत |

१०. कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

| | | |
|---|---|---|
| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| ३४ प्रतिशत | ३८ प्रतिशत | २८ प्रतिशत |

११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| ४४ प्रतिशत | ५२ प्रतिशत | ४ प्रतिशत |

१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ४२ प्रतिशत | ५४ प्रतिशत | ४ प्रतिशत |

१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| २८ प्रतिशत | ६४ प्रतिशत | ८ प्रतिशत |

१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| १८ प्रतिशत | ४८ प्रतिशत | ३४ प्रतिशत |

१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| ८६ प्रतिशत | ४ प्रतिशत | १० प्रतिशत |

१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईंलाई बोलाउने गरेको छ कि छैन ?

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ० प्रतिशत | ७४ प्रतिशत | २६ प्रतिशत |

१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ८८ प्रतिशत | १० प्रतिशत | २ प्रतिशत |

१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ३६ प्रतिशत | २२ प्रतिशत | ३२ प्रतिशत |

२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| ३२ प्रतिशत | ४० प्रतिशत | २८ प्रतिशत |

NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd:2074

# अनुसूची ४

## घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
## सार्वजनिक सुनुवाई कार्यक्रम -२०८०
## कार्यक्रम तालिका

| क्र.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | मोहनसिंह लालचन-अध्यक्ष |
| २. | | आसन ग्रहण | **अतिथिहरु**<br>आइतलाल थकाली-उपप्रमुख, जिसस<br>जनकराज पन्त-प्रमुख जिल्ला अधिकारी<br>**जवाफदेही**<br>जमुना थापा मगर-उपाध्यक्ष<br>वेदहरि अधिकारी-प्रमुख प्रशासकीय अधिकृत<br>**अतिथिहरु**<br>भोजराज पाण्डे-डीएसपी, नेपाल प्रहरी<br>रामशंकर केसी-प्रमुख, जिल्ला अनुसन्धान<br>**वडाध्यक्षहरु:**<br>आशबहादुर थकाली-अध्यक्ष, वडा नम्बर १<br>मनबहादुर हिराचन -अध्यक्ष, वडा नम्बर २<br>फलेन्द्रप्रसाद थकाली-अध्यक्ष, वडा नम्बर ३<br>यामप्रसाद थकाली -अध्यक्ष, वडा नम्बर ४<br>प्रदीप थकाली -अध्यक्ष, वडा नम्बर ५<br>**जिल्लास्थित सरकारी कार्यालय**<br>डा. तेजस नेपाल-नि. मेसु, मुस्ताङ अस्पता<br>दिलिप उप्रेती-प्रमुख, पूर्वाधार कार्यालय<br>रामेश्वर लामिछाने-प्रमुख, शिक्षा समन्वय<br>प्रमोदराज रेग्मी-प्रमुख, एक्याप मुस्ताङ<br>गणेश राउत-प्रतिनिधि, डिभिजन वन मुस्ता<br>**जवाफदेही**<br>हिमलाल शर्मा -प्रमुख, शिक्षा शाखा<br>आशिष भण्डारी -प्रमुख, लेखा शाखा<br>कर्णबहादुर थकाली -प्रमुख, स्वास्थ्य शाखा<br>रोशन थकाली -प्रमुख, कृषि शाखा<br>आइत ब. थकाली -प्रमुख पशु सेवा शाख<br>-प्रमुख, एवं प्रतिनिधि प्राविधिक शाख<br>केदारसिंह थापा -प्रमुख, प्रशासन शाख<br>सरिता थकाली -प्रमुख, महिला, उद्यो<br>सुजिता थकाली -सूचना प्रविधि अधिक<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधि<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधी कार्यालयका कर्मचारी तथा वडा सचिव प्राविधिकहरु, नागरिक समाज, उपभो समिति, गाउँ मुखिया, टोल विकास समि विभिन्न समूह तथा संजाल, विव्यस, शि तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | जमुना थापा मगर |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | वेदहरी अधिकारी-प्रमुख प्रशासकीय अधिकृ |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहजकर्ता |

SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchaur
Estd: 2074

| | | | |
|---|---|---|---|
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | मोहनसिंह लालचन, अध्यक्ष<br>जिल्लाका कार्यालय प्रमुखहरु<br>जमुना थापामगर, उपाध्यक्ष<br>वेदहरी अधिकारी, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु,<br>शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | वेदहरी अधिकारी, प्रमुख प्रशासकीय अधिकृत<br>मोहनसिंह, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |
| ११. | | चियापान | |

# अनुसूची ५

## पालिकाको सेवा प्रवाह र विकास निर्माणको अवस्था

### आव २०८०/०८१ को अर्धवार्षीक आम्दानी र खर्च

(१) आम्दानी

| क्र.सं. | विवरण | अनुमान | प्राप्ती | तह |
|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | ७ करोड ४ लाख | ३ करोड ५२ लाख | संघ |
| २. | सशर्त अनुदान | ९ करोड ६८ लाख | ६ करोड ४३ लाख | |
| ३. | विशेष अनुदान | १ करोड ६० लाख | ८० लाख | |
| ४. | समानीकरण अनुदान | ६६ लाख ८६ हजार | १६ लाख ७१ हजार | प्रदेश |
| ५. | शसर्त अनुदान | ४० लाख | ० | |
| ६. | समपुरक अनुदान | ७० लाख | ० | |
| ७. | घरजग्गा रजिष्ट्रेशन | ८० लाख | २३ लाख | |
| ८. | राजश्व (संघ) | ४ करोड २९ लाख | १ करोड २४ लाख | |
| ९. | राजश्व (प्रदेश) | १९ लाख ४७ हजार | ५ लाख ९९ हजार | |
| १०. | आन्तरिक आम्दानी | ३ करोड ७३ लाख | ३१ लाख ४३ हजार | |

(२) खर्च

| क्र.सं. | विवरण | अनुमान | यथार्थ खर्च | |
|---|---|---|---|---|
| १. | चालू तर्फ | २८ करोड ५ लाख | ८ करोड २२ लाख | |
| २. | पूँजीगत तर्फ | ९ करोड ६२ लाख | २ करोड ६७ लाख | |
| **जम्मा** | **३७ करोड ६७ लाख** | | | |

**अर्धवार्षिक पञ्जीकरणको अवस्था**

| विवरण | संख्या |
|---|---|
| जन्मदर्ता | १६ |
| मृत्युदर्ता | १७ |
| विवाहदर्ता | ७ |
| सम्वन्ध विच्छेद | २ |
| **जम्मा** | **४२** |

**पूर्वाधार योजनाहरुको अवस्था**

| योजनाको विवरण | संख्या |
|---|---|
| सम्पन्न भई भुक्तानी भएको | ३० |
| कार्यान्वयनको चरणमा रहेको | १९ |
| सम्पन्न भई भुक्तानी बाँकी | ४ |
| काम सुरु नभएको | ६ |
| **जम्मा योजना** | **५९** |

SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd-2074

# अनुसूची ६

## कार्यक्रमका केही तस्वीरहरु






































Pokhara Lekhnath
Estd:2074

# अनुसूची ७

## सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुले उठाएका प्रश्न, गुनासो तथा सुझाव एवं कार्यालयको तर्फबाट व्यक्त गरिएका प्रतिवद्धताहरु

| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | प्रेम बहादुर गुरुङ | ➢ ठिनी हुँदै ढुम्बा जाने बाटो गत साल नै पीच हुने कुरा सुनेको हो । अहिलेसम्म ग्राभेल पनि भएन । के कारणले रोकियो ?<br>➢ स्याङदेखि ढुम्बा जोड्ने मोटरेवल पुल निर्माणको योजना कहाँ पुग्यो ? हामीले धेरै पटक योजना मागेका थियौं, हुन्छ पनि भन्नुभएको हो । | ➢ ठेकेदारले काम नगरेर सम्पर्क विहिन भएको छ । हामीले बोलाएका छौं, बल्लबल्ल सम्पर्कमा आएका छन् । काम गर्न ताकेता गरेका छौं ।<br>➢ पुल निर्माणको योजना प्रदेशमा पुगेको छ । बजेट विनियोजन भैसकेको छैन, प्रक्रियामा छ । |
| २. | छेवाङ ढुण्डुप गुरुङ | ➢ पुथाङ क्षेत्रमा तारलाई भूमिगत गर्ने योजना अघि बढ्यो तर बजेट बीचमा पुगेन । पालिकाले सहयोग गरेन ।<br>➢ पुथाङका होटल अगाडी एकछिन गाडी रोकिँदा पनि प्रहरीले सिठी फुक्न थाल्छन् । व्यवसायमा समस्या हुने भयो । | ➢ पुग्ला भनेर १४ लाख दियौं । स्टिमेट पछि बढ्दै गयो । बेलैमा धेरै माग भएको भए हुन्थ्यो, बीचमा थप्न सकेनौं ।<br>➢ गाडी बसपार्कमा राख्नुपर्छ । पालिकाले बसपार्कको व्यवस्था पनि गरेको छ । ओराल्ने र चढाउन चाहिँ रोकिँदैन । |
| ३. | शेर बहादुर गुरुङ | ➢ एयरपोर्ट क्षेत्रमा सार्वजनिक शौचालय र सडक बत्तिको व्यवस्था हुनुपर्‍यो । यात्रु र सर्वसाधारण नागरिकलाई शौचालय गर्ने ठाउँ भएन ।<br>➢ काम सकिएपछि भुक्तानीको लागि बारम्बार धाउनुपर्छ । कागजपत्र र स्टिमेट अनुसार काम भएपछि किन फाइल रोक्नुपर्‍यो ? | ➢ एकदमै जायज माग उठाउनुभएको छ । आगामी वर्षको बजेटमा हामी सम्बोधन गर्छौं । सडक बत्तिको काम पनि अगाडी बढेको छ ।<br>➢ स्टिमेट अनुसार काम भएको छ र कागजपत्र पूरा छ भने रोकिँदैन । तपाईंको के कारणले रोकिएको हो, बुझौंला । |
| ४. | सुनदेवी रसाइली | ➢ पालिकाले बजार क्षेत्रमा इन्डक्सन चुल्हो वितरण योजना ल्याएको छ। तर बाहिरबाट आएर व्यापार गरेकाहरुले पाएनन । विभेद गर्न भएन, सबैले पाउनुपर्‍यो ।<br>➢ जोमसोममा फुटपाथ व्यवसायीहरु बढेका छन् । गाडीमा झुण्डिएर व्यापार गरिरहेका छन् । पालिकाले चासो दिएन ।<br>➢ सार्वजनिक जग्गा संरक्षणका लागि प्रशासनमा परिपत्र आएको भन्ने कुरा छ । अहिले पनि लालपुर्जा नभएको ठाउँमा संरचना बनिरहेका छन् । सम्बन्धित निकाय किन मुकदर्शक बनेको ?<br>➢ हाम्रो सँगै काम सुरु भएको लोमान्थाङमा रिङरोड बनिसक्यो, हाम्रो चाहिँ किन रोकियो ? कसका कारणले काममा अवरोध आएको हो ?<br>➢ जेष्ठ नागरिकलाई पालिकाले भ्रमण लगेको राम्रो हो । तर भ्रमणको सट्टा निशुल्क औषधी वितरण गर्ने कार्यक्रम ल्याए प्रभावकारी हुन्थ्यो कि । | ➢ हामीले व्यवसायीलाई मात्रै होइन, स्थानीय व्यवसायीलाई लक्षित गरेर यो अवधारणा ल्याएका हौं । व्यवसाय मात्रै दर्ता गरेर बाहिर गएकाहरुले पनि पाएका छैनन् ।<br>➢ राम्रो विषयको उठान भएको छ । फुटपाथमा व्यवसाय गर्न मिल्दैन, पालिकाले अनुगमन गर्छ र रोक्छ ।<br>➢ मुकदर्शक बनेको छैन । सार्वजनिक जग्गामा संरचना बनेका छन् भने सूचना दिनुस् । हामी रोक्छौं र कारबाही प्रक्रिया अघि बढाउछौं । यस्तो जग्गाको संरक्षण गर्ने दायित्व नागरिकको पनि हो, नभुलौं ।<br>➢ सँगै सुरु भएपनि प्रकृति फरक छ। ठेकेदार फरक छन् । काम अघि बढेको हो, तर ठेकेदारका कारण रोकिएको छ । हामीले बोलाएका छौं, अब अघि बढ्छ ।<br>➢ सुझाव सह्रानीय छ । आगामी दिनमा सोचौंला । भ्रमण पनि नराम्रो होइन, उहाँहरुको अनुभव बुझ्न पाइयो । उहाँहरु पनि खुसी हुनुहुन्छ । |

| | | | |
|---|---|---|---|
| ५. | धन बहादुर थकाली | ➢ चिमाङमा पुल बनाउछु भनेर अध्यक्ष ज्यूले प्रतिवद्धता जनाएको धेरै भयो । पुल भन्दाभन्दै हाम्रो घोक्रो सुकिसक्यो, कहिले बन्छ पुल ? | ➢ पैसा परिसकेको छ । प्राविधिक कारणले ढिलो भएको हो । पाइलिङमा समस्या भयो, अब एउटा निकास निस्किन्छ । पैसाको अभाव होइन, भौगोलिक कारणले गाह्रो भो |
| ६. | सुनिता सेन्चुरी | ➢ कृषिको अनुदान आयो भन्छन् । पाएको पनि भन्छन्, तर हामीले सूचना पनि पाउँदैनौं । सूचना किन नदिइएको हो ?<br>➢ स्कूलमा स्थानीय पाठ्यक्रम पढाउने शिक्षकहरुले जातजातिको विषय पढाउँदा जातीय विभेद गरेका छन् । दमै, कामी, सार्की भनेर पढाउँदा बच्चामा नकारात्मक असर परेको छ । पालिकाले अनुगमन र कारबाही गरोस् । | ➢ सूचना पार्टीमा सूचना टाँसेका छौं । कटुवालबाट घरघरै घोक लगाएका छौं । आफुले पनि चासो दिनुपर्‍यो । नियतवश सूचना नदिएको होइन ।<br>➢ यस्तो भएको रहेछ भने अनुगमन तुरुन्तै हुन्छ । गलत गर्नेलाई कारबाही गर्छौं । विभेद हुने गरी कसैले पढाउन र व्यवहार गर्न पाउँदैन । गाउँपालिका परिवार यसप्रति गम्भिर छ । |
| ७. | सम्झना राना | ➢ जिल्ला अस्पतालमा युएसजी हुँदैन । सानो एक्सरे गर्न पनि रिफर गर्छ ।<br>➢ अपरेसन गरेर बच्चा जन्माउनुपर्‍यो भने अस्पतालले गर्न सक्दैन । रिफर मात्रै गर्ने भए अस्पतालको के काम ?<br>➢ सरकारले निशुल्क दिने भनेको औषधी पनि मुस्ताङ अस्पतालमा पाइँदैन । तुरुन्त सरकारको ध्यान पुगोस् । | ➢ कुरा सत्य हो । विशेषज्ञ डाक्टरहरु नभएका कारण युएसजी र अपरेसन नगरिएको हो । हामीले जनशक्ति मागिरहेका छौं, पठाएको छैन । डाक्टर नदिए यहीँका स्वास्थ्यकर्मीलाई तालिम दिन भनेका छौं ।<br>➢ माथिबाटै नआएको हो । ९६ थरीका औषधी निशुल्क भन्छ, १०-१२ थरीका मात्रै औषधी आउँछ । निकायमा खबर भैसकेको छ । |

**नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतका विषयमा वडाध्यक्ष, र पालिका उपाध्यक्षले जनाएका प्रतिबद्धताहरु:**

**जोमसोममा खानेपानी चुहावट:**

गुनासो आएको छ । हामी सबै जिम्मेवार पनि हुनुपर्छ । अब पानी चुहावट रोक्न मिटर लागू गर्ने कि भनेर छलफल त भैरहेकोछ । अहिलेका लागि गाउँगाउँमा भएका खानेपानी समिति मार्फत व्यवस्थापन भैरहेको छ । पालिकाको ध्यानाकर्षण भएको छ ।

**अनुदानका कार्यक्रममा अनुगमन:**

राम्रो काम नगर्नेले दोहोर्‍याएर अनुदान पाएको छैन । हामीले अनुगमन पनि गरेका छौं, रेकर्ड पनि राखेका छौं । विवरण चाहियो भने पालिकामा सम्पर्क गर्नुस् । अझै अनुगमनलाई तीब्रता दिन्छौं ।

**होटलहरुको स्तर र मुल्य निर्धारण:**

बल्ल जायज आवाज आएको छ । अब होटल व्यवसायीसँग मिलेर होटलको लगानी, सुविधालाई समेत ध्यान दिएर स्तर निर्धारणको प्रक्रिया थाल्छौं । यसबाट पालिकालाई पनि फाइदा छ, पर्यटकले पनि सास्ती व्यहोनुपर्दैन ।

**कभर्ड हलको मापदण्ड:**

पहिले बनाउने बेलामा मापदण्ड थिएन । अहिले आवाज उठेको छ । अब करोडौं लगानी भैसकेपछि पछाडी हट्न मिल्दैन । यसको सदुपयोग गर्नेतर्फ पालिकाले ध्यान दिन्छ ।

**क्याम्पसमा नियमित पढाइ भएन:**

धेरैको गुनासो छ । क्याम्पसको क्षेत्राधिकार पालिकाको होइन । तर सम्बन्धित निकायको ध्यानाकर्षण गराउछौं । विद्यार्थीले पढ्नै नपाउने अवस्था हुनु हुँदैन ।

NEPAL SAHAMAT MEDIA (P.) LTD. Pokhara Lekhnath-8, Simalchaur, Kaski Estd. 2074

**प्राविधिकहरुले दिएको दुखः**

प्राविधिकले नियतवश दुख दिन मिल्दैन । के कारण फाइल रोकिएको हो, किन कम विल उठ्यो भन्ने बुझ्नुपर्छ । कामका आधारमा विल भुक्तानी नभए उजुरी गर्नुस्, नत्र काम चाहिँ पूरा गर्नुपर्छ । उपभोक्ता समितिमा पनि समस्या छ, तोकेको परिमाणमा काम भएको छैन ।

**कृषिको कोल्ड स्टोर प्रयोगविहिनः**

प्रयोगविहिन भएको होइन । बल्ल बनेको हो । अघिल्लो पटक बन्दाबन्दै स्याउ निर्यात भैसकेको थियो । स्याउ कम फलेको कारण पनि किसानले राख्न चाहेनन् । योवर्ष देखि प्रयोगमा आउँछ ।

**मार्फामा खानेपानी अभावः**

२० मिनेट लगाएर जानुपर्ने त होइन । तर पानी नभएको सत्य हो । त्यहाँको भौतिक संरचनाका कारण अहिले पानी लैजान समस्या परेको छ । पानी चुहावट भयो भने घरहरुमा क्षति पुग्छ । अहिले एउटा डिजाइन बनाइएको छ । अब जान्छ, हामीले सुनेका छौं ।

**वडा सचिव नहुँदा दुख परेकोः**

४ वटा वडामा प्रशासनको सचिव छैनन् । कर्मचारी अभाव व्यापक छ । मागेका छौं, पठाएको छैन । कर्मचारी आउने वित्तिकै वडामा खटाउछौं ।

**मुखियाप्रथालाई बैधानिकता दिनेः**

मुखियालाई बैधानिकता दिने अधिकार पालिकालाई छैन । गर्न पनि सकिँदैन ।

**अनुदान र विउविजन मंसिर अगावै दिन मागः**

टेण्डर प्रक्रियाका कारण ढिलो भएको हो । सकेसम्म किसानलाई मर्का नपर्ने गरी कृषि शाखाले बनाएको क्यालेण्डर अनुसार नै वितरण गर्ने व्यवस्था मिलाउछौं ।

**जोमसोममा स्पिड ब्रेकरः**

यो सडक अहिले उत्तर दक्षिण कोरिडोर पनि हो । सहरलाई सुन्दर बनाउन सहज रुपमाा गाडी आउजाउ गर्ने वातावरण बनाउनुपर्छ । राजमार्गमा स्पिड ब्रेकर राख्न मिल्दैन ।

**ज्येष्ठ नागरिकलाई गाडीमा छुटः**

छुट दिनैपर्छ । तपाईंहरुले छुट पाउनुभएको छैन भने १०० मा कल गरेर उजुरी दिनुस् । जहाँ भएपनि कारबाही हुन्छ । सबै गाडीले आरक्षण सीट र तोकिएको शुल्क छुट दिनैपर्छ ।

**प्राविधिकले घुस माग्छन्ः**

घुस के कारणले मागेका हुन् ? प्रमाण छ भने पेस गर्नुस् तुरुन्त कारबाही हुन्छ । तर घुस दिने पनि भ्रष्टाचारी हो । तपाईंहरु बदमासी नगर्नुस्, घुस कसैले माग्छ भने कार्यालयले कारबाही गर्छ । नभए सम्बन्धित अन्य निकायमा पनि उजुरी गर्न सक्नुहुन्छ ।

**छैंरोको योजनमा भुक्तानी आलटालः**

नियतबस आलटाल गरेको होइन । उहाँको प्रक्रिया पुगेको छैन । २ लाखको योजना हो, तर त्यसअनुसार काम भएको छैन । काम पूरा गरेपछि भुक्तानी जान्छ ।

**सुकुम्बासी समस्या समाधानः**

डाँडा खाली छ भन्दैमा जग्गा बाँड्न पालिकाले सक्दैन । सुकुम्बासीको निवेदन संकलन भएको छ, सम्बन्धित निकायमा गैसकेको छ । अहिले जग्गा वर्गीकरणको काम पनि भैरहेको छ । कसैलाई भूमिहिन बनाउने पक्षमा पालिका छैन ।

**तालिममा आफ्ना मान्छे राखेकोः**

यसरी विभेद गरेर छुट्याएको होइन । तालिमको प्रकृति अनुसार व्यक्ति छनोट गर्नुपर्छ । होटलको तालिम लिन किसानलाई पठाएर हुँदैन । अहिले त तालिम आयोजना गरेपनि सहभागी पाउन मुश्किल छ । पालिकाले किन विभेद गर्नुपर्छ ?

SAHAMAT MEDIA P. LTD.

**अधुरा योजन पूरा गर्नुपर्नेः**

कुरा ठीक हो । तर ठूला योजनाहरु अपुरा छन् । हाम्रो पालिकाको स्रोतले पुग्दैन । माथिल्ला सरकारमा पठाएका छौं । पालिकाबाट सञ्चालन भएका योजना चाहिँ अधुरा छैनन् ।

**सिफारिस अंग्रेजीमा हुनुपर्‍योः**


सबै सिफारिस अंग्रेजीमा आवश्यक पर्दैन । अतिआवश्यक सिफारिसहरुको फर्म्याट बनाएर वितरण गरौंला । वडा सचिवहरुसँग चेक लिष्ट माग्छौं र विज्ञसँग सल्लाह लिएर फर्म्याट बनाउछौं ।

**हिमाली क्षेत्रको शैक्षिक सत्रः**

हिमाली क्षेत्रमा शैक्षिक सत्र फेर्दा समस्या हामीलाई मात्रै होइन, ९ जिल्लामा पर्छ । उनीहरुको आवाज पनि यही छ । अव यो शैक्षिक सत्रमा हामीले केही गर्न सकेनौं । आगामी शैक्षिक सत्रका लागि बेलैमा एउटा छलफल र निष्कर्ष निकालेर जानुपर्छ । पालिकाले सम्बन्धित निकायमा पत्र पठाएको छ, पैरवी गरिरहेको छ ।

# अनुसूची ८

## सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति



समाप्त ।

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074